# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, असार २४ गते २०४५ साल (अतिरिक्ताङ्क १५ (क)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

१. भन्सार महशूलः (१) नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरूमा आजैका मितिदेखि अनुसूची १, २, ३ र ४ बमोजिम भन्सार महशूल लगाइने र असूल उपर गरिनेछ ।

(२) यसमा उल्लेख भएको व्यवस्थाबाहेक भन्सार महशूलसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ ।

२. अन्तःशुल्कः (१) नेपाल अधिराज्यभित्रका मिल, फ्याक्ट्री वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थमा आजैका मितिदेखि अनुसूची ५ बमोजिम अन्तःशुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) रूग्ण उद्योगसम्बन्धी उद्योग मन्त्रालयबाट किटान गरिएको परिभाषाभित्र पर्ने उद्योगलाई ७५ प्रतिशत अन्तःशुल्क छूट दिइनेछ ।

(३) दुर्गम क्षेत्रमा स्थापना भएका अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने उद्योगहरूलाई ती उद्योगले यस दरबन्दी अनुसार तिर्नुपर्ने अन्तःशुल्कमा १०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(दश) प्रतिशत छूट दिइनेछ। दुर्गम क्षेत्र भन्नाले यस प्रयोजनको लागि श्री ५ को सरकारले तोकेबमोजिमको क्षेत्र मानिनेछ।

(४) कपडा उद्योगहरूको उत्पादनमा हाल लागी आएको अन्तःशुल्क दरमा २५ (पच्चीस) प्रतिशत छूट दिइनेछ। गत आर्थिक वर्षभन्दा बढी कपडा उत्पादन गर्ने औद्योगिक प्रतिष्ठानहरूलाई बढी उत्पादन गरेजतिको परिमाणमा थप २५ (पच्चीस) प्रतिशत अन्तःशुल्क छूट दिइनेछ। गत आर्थिक वर्षमा पूरा अवधि नचलेका औद्योगिक प्रतिष्ठानलाई चलेको अवधिको आधारमा दामासाहीले वार्षिक उत्पादन कायम गरी सोभन्दा बढी उत्पादन गरेजतिमा मात्र थप अन्तःशुल्क छूट दिइनेछ।

(५) उद्योगहरूले आफ्नो उत्पादनको खुद्रा मूल्य किटान गरी सार्वजनिक जानकारीको लागि प्रकाशित गर्ने तथा उत्पादित वस्तुमा नै सो मूल्य अङ्कित गर्नु पर्नेछ।

(६) दरबन्दीमा "माफी" जनिएका उद्योगहरूले अन्तःशुल्क कार्यालयबाट उत्पादन इजाजत लिनु पर्नेछ। तर,

(क) माफी जनिएका उद्योगलाई उत्पादन इजाजत र नवीकरण दस्तूर लाग्नेछैन।

(ख) यस्ता "माफी" जनिएका उद्योगहरूले सम्बन्धित उद्योग वा घरेलु उद्योग विभागमा पठाउने गरेको मास्केवारी वा हिसाब किताबको एक प्रति सम्बन्धित अन्तःशुल्क कार्यालयलाई पनि दिनु पर्नेछ।

(७) उद्योग वा घरेलु उद्योगमा दर्ता नभएको फ्लेट-हैण्ड मेशिन (बिद्युत् शक्ति प्रयोग नगरिएको) बाट होजियरीको सामान उत्पादन गरेकोमा अन्तःशुल्कको इजाजतपत्र लिनु पर्नेछैन।

(८) औद्योगिक व्यवसाय ऐन, २०३८ ले व्यवस्था गरेको अन्तःशुल्क सुविधा पाउने अवधिको पूरा उपभोग गरी सकेका उद्योगहरूलाई अन्तःशुल्क लगाइनेछ।

(९) यसमा उल्लेखित भएदेखिबाहेक अन्तःशुल्कसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ।

३. बिक्रीकर: (१) आर्थिक वर्ष २०४५।४६ मा अनुसूची – ६ बमोजिम आजैका मितिदेखि बिक्रीकर लगाइने र असूल उपर गरिनेछ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) देहायका मालसामान उत्पादन गर्ने घरेलु उद्योगहरूलाई बिक्रेतामा दर्ता गरी त्यस्ता उद्योगहरूले गरेको उत्पादनमा बिक्रीकर असूल गरिनेछ ।

(क) सबै प्रकारका मदिराहरू (अविकसित क्षेत्रमा स्थापना हुने फलफूलबाट निर्मित मदिरा बाहेक) बियर, छ्याङ र कार्बोनाइज्ड हलका पेयहरू ।

(ख) चुरोट, सिगार, बिडी र सूर्तिबाट बनेका अन्य सामानहरू ।

(ग) चिरानी काठ (सःमिलमा चिरानी भएका) ।

(घ) बहुमूल्य ढुङ्गा जवाहिरात, कटिङ, पोलिसिङ ।

(ङ) कत्था र टेनिन ।

(३) उपदफा (२) मा उल्लेखित मालसामान उत्पादन गर्ने घरेलु उद्योगहरूबाहेक अरू घरेलु उद्योगहरूको हकमा औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम हुनेछ ।

(४) साना मझौला तथा ठूला उद्योगहरूलाई बिक्रीकर ऐन, २०२३ बमोजिम बिक्रेतामा दर्ता गरी ती उद्योगहरूबाट उत्पादित मालसामानको बिक्री अवस्थामा बिक्रीकर लगाई असूल उपर गरिनेछ । तर देहायका उद्योगहरूको हकमा आवश्यक पर्ने कोरामाल, सहायक कोरामाल तथा रासायनिक पदार्थको पैठारी अवस्थामा नै बिक्रीकर लगाई असूल उपर गरिनेछ ।

(क) फोटोग्राफी ।

(ख) रेडिमेड गार्मेण्ट ।

(ग) प्याकिङमात्र गर्ने ।

(घ) चलचित्र उत्पादन गर्ने व्यवसाय ।

(५) बिक्रेतामा दर्ता भएकाबाहेक अन्य सबैले बिक्रेतामा दर्ता भएका उद्योगहरूबाट कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा रासायनिक पदार्थ खरीद गरेमा खरीद गर्दाकै अवस्थामा बिक्रीकर लाग्नेछ ।

(६) उत्पादनमा बिक्रीकर तिर्ने उद्योगहरूले पैठारी गर्ने कोरामाल, सहायक कोरामाल तथा रासायनिक पदार्थहरूको भन्सारले कायम गरेको मूल्यमा लागेको भन्सार महशूल जोडी हुन आउने रकममा र बिक्रेतामा दर्ता भएका अन्य उद्योगहरूबाट त्यस्ता औद्योगिक कच्चा पदार्थहरू स्थानीय रूपमा खरीद गरेमा उद्योगले कायम गरेको लागत मूल्य (एक्सफैक्ट्री प्राइस) मा अन्तःशुल्क जोडी हुन आउने रकममा दरबन्दी अनुसारको अग्रिम बिक्रीकर असूल उपर गरिनेछ । यस्तो अग्रिम बिक्रीकरको रकम पछि उद्योगले मासिक रूपमा दाखिला गर्नुपर्ने बिक्रीकर रकमबाट कट्टा गरी हिसाब मिलाइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) उपदफा (६) मा उल्लेख भएबमोजिम अग्रिम बिक्रीकर बुझाउनु पर्ने उद्योगहरूलाई अग्रिम बिक्रीकर दाखिलाको पासबुक उपलब्ध गराइनेछ । पैठारीतर्फ भन्सार कार्यालयले र स्थानीय खरीदतर्फ सम्बन्धित बिक्रेताले उक्त पासबुकमा औद्योगिक कच्चापदार्थको विवरणको साथै अग्रिम दाखिला भएको बिक्रीकर रकमसमेत चढाई सो रकम र सोको विवरण सम्बन्धित कर कार्यालयमा पठाउनु पर्नेछ ।

(८) पैठारीको अवस्थामा अग्रिम बिक्रीकर भन्सार कार्यालयको धरौटी खातामा र स्थानीय खरीदतर्फको अग्रिम धरौटी रकम सम्बन्धित कर कार्यालयको धरौटी खातामा दाखिला गर्नु पर्नेछ ।

(९) बिक्रेतामा दर्ता भएका र पैठारीको अवस्थामा बिक्रीकर नलाग्ने उद्योगबाहेक अन्य सबैले विदेशबाट पैठारी गर्ने मालसामानमा पैठारीको अवस्थामा भन्सार कार्यालयमा बिक्रीकर असूल उपर गरिनेछ । भन्सारले कायम गरेको मूल्यमा बिक्रीकर प्रयोजनको लागि दरबन्दी अनुसार लाग्ने साधारण भन्सार महशूल, अतिरिक्त भन्सार महशूल र समिकारक महशूलसमेत जोडी बिक्री मूल्य कायम गरिनेछ ।

(१०) झिटी गुण्टा भारी आदेश अन्तर्गत विदेश गई फर्किने यात्रुले सो आदेशमा तोकिएको बिक्रीकर सहुलियतभन्दा बढी बिक्रीकर लाग्ने सामान ल्याएमा त्यस्तो बढी सबै किसिमको सामानमा भन्सारले कायम गरेको मूल्यमा अनुसूची १ मा तोकिएबमोजिम समदरले लाग्ने भन्सार महशूल जोडी हुन आउने मूल्यमा प्रचलित बिक्रीकर दरबन्दीको अधिकतम दर अनुसार निर्धारण गरी असूल गरिनेछ ।

(११) स्वदेशी उद्योगहरूले आफ्नो उत्पादनको निमित्त प्रयोग गर्न पैठारी गर्ने वा बिक्रीकरमा दर्ता भएका बिक्रेताबाट खरीद गर्ने औद्योगिक कच्चा पदार्थहरूमा सो क्रेता उद्योगले उत्पादन गर्ने मालसामानमा लाग्ने बिक्रीकरको दरभन्दा बढी भएमा यसरी पैठारी वा खरीद गरिएको कच्चापदार्थहरूमा लाग्ने बिक्रीकरको दर उत्पादनमा लाग्ने दर सरह मात्र हुनेछ ।

(१२) परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी कुनै उद्योगले आफ्नो उत्पादन नेपाल अधिराज्यमा बिक्री गरेमा त्यस्तो वस्तुको बिक्रीमा बिक्रीकर पूर्ण रूपमा छूट दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१३) नेपालको संस्कृति र प्रतिष्ठाको प्रचार तथा पर्यटन विकासको लागि स्वदेश वा विदेशमा छापिने नेपालसम्बन्धी स्वीकृत नक्शा, पोष्टर, पोष्टकार्ड, क्यालेण्डर आदिमा बिक्रीकर लाग्नेछैन ।

(१४) विदेशी कुटनैतिक नियोग र त्यहाँ काम गर्ने कुटनैतिक कर्मचारी तथा महशूल सुविधा पाएका व्यक्ति वा संस्थाको नाममा दर्ता भई नेपाल अधिराज्य भित्र प्रवेश भएको ५ (पाँच) वर्ष पूरा भएका सवारी साधन बिक्री गरेमा बिक्रीकर लाग्नेछैन ।

(१५) श्री ५ को सरकारको स्वीकृति प्राप्त गरी पर्वतारोहण गर्न आउने व्यक्ति वा टोलीले पैठारी गरेको मालसामानमध्ये नेपाल अधिराज्यमा उपभोग हुने जति मालसामानमा सो मालसामानको मूल्यमा लाग्ने भन्सार महशूल जोडी हुने मूल्यमा एक प्रतिशतमात्र बिक्रीकर लगाई असूल उपर गरिनेछ ।

(१६) स्वदेशमा उत्पादित सुती कपडा (तयारी पोशाकबाहेक) को बिक्रीमा बिक्रीकर पूर्ण रूपमा माफी गरिएको छ । तर सुती र कृत्रिम वा अन्य रेशा मिश्रित धागोबाट बनेका कपडा भएमा सोही अनुपातको आधारमा बिक्रीकर लगाई असूल उपर गरिनेछ ।

(१७) स्वदेशी उद्योगहरूले उत्पादन गर्ने छालाका जुत्तामा लाग्ने बिक्रीकरमा ५० (पचास) प्रतिशत छूट दिइनेछ ।

(१८) स्वदेशी सीसाकलम उद्योगले उत्पादन गर्ने सीसाकलममा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट दिइनेछ ।

(१९) कुनै उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा-पदार्थ, यन्त्र उपकरण तथा औजारहरू पैठारी गर्दा बिक्रीकर नलाग्ने रहेछ भने त्यस्ता उद्योगले स्वदेशका उद्योगबाट खरीद गर्ने उक्त मालवस्तुमा बिक्रीकर लगाइनेछैन ।

(२०) पैठारीमा कर छूट पाउने व्यक्ति वा संस्थाले कुनै मालसामान वा वस्तु पैठारी गरेमा कर छूट पाउने रहेछ भने त्यस्ता मालसामान वा वस्तु बिक्रेतामा दर्ता भएका स्वदेशी उद्योगहरूबाट खरीद गरेमा त्यस्तो मालसामान वा वस्तुमा लागेको कर फिर्ता दिइनेछ ।

(२१) आर्थिक वर्ष २०४५।४६ मा टेलिफोन र तत्सम्बन्धी सेवामा ५ (पाँच) प्रतिशत बिक्रीकर लगाई असूल उपर गरिनेछ ।

(२२) समुद्रपार वा भारतबाट पैठारी हुने सिमेन्टमा (सेतो सिमेन्ट बाहेक) प्रति मेट्रिक टन रू. २,०००।–(दुई हजार) मूल्य कायम गरी बिक्रीकर असूल गरिनेछ ।



२७७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२३) द्विपक्षीय वा बहुपक्षीय ऋण तथा अनुदान सहायता कार्यक्रम अन्तर्गत बिक्रीकर नलाग्ने गरी श्री ५ को सरकारसंग भएको सम्झौता अनुसार संचालित आयोजनाहरूले बिक्रीकरमा दर्ता भएका स्वदेशी उद्योगहरूबाट खरीद गरेका मालसामानहरूमा सम्बन्धित विभाग वा आयोजना कार्यालयको सिफारिशमा बिक्रीकर छूट दिइनेछ ।

(२४) स्वदेशमा उत्पादित औद्योगिक मेशिनरी, औजार र पार्टपूर्जा कुनै अर्को स्वदेशी उद्योगले उद्योगको प्रयोगको लागि खरीद गरेमा सम्बन्धित विभागको सिफारिशमा बिक्रीकर छूट दिइनेछ ।

(२५) अन्तःशुल्क सुविधा पाएका उद्योगहरूले आफ्नो उत्पादित वस्तुको बिक्रीकर प्रयोजनको लागि मूल्य कायम गर्दा दरबन्दी अनुसार लाग्ने पूरै अन्तःशुल्क रकम जोडी मूल्य कायम गर्नु पर्नेछ ।

(२६) भन्सार महशूल सहुलियतमा पैठारी हुने मालसामानमा भन्सारले कायम गरेको मूल्यमा दरबन्दी अनुसार लाग्ने भन्सार महशूल जोडी बिक्री मूल्य कायम गरी दरबन्दी अनुसार बिक्रीकर असूल गरिनेछ ।

(२७) कुनै उद्योगले आफ्नो उत्पादित पब्लिक लिमिटेड कम्पनी वा सार्वजनिक व्यापारिक संस्थानमार्फत बिक्री गरेमा बिक्रीकरको दरबन्दी अनुसार नै बिक्रीकर लाग्नेछ ।

४. <u>हवाई उडान कर :</u>

आर्थिक वर्ष २०४५।४६ मा आर्थिक ऐन, २०४४ बमोजिम हवाई उडान कर लगाइने र असूल उपर गरिनेछ । तर परिवर्त्य विदेशी मुद्रा तिरी खरीद गरिएको हवाई टिकटबाट गरिने आन्तरिक हवाई उडानमा विदेशी पर्यटकलाई हवाई उडान कर लाग्नेछैन ।

५. <u>आयकरः</u> (१) आर्थिक वर्ष २०४५।४६ मा अनुसूची ७ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ ।

(२) कुनै व्यक्ति वा परिवारमा पति र पत्नी दुवै जना पारिश्रमिक आय आर्जन गर्ने रहेछन् र उनीहरूको मुख्य आयश्रोत पारिश्रमिक आय रहेछ भने त्यस्तो पति वा पत्नीको आयमा व्यक्तिको आय सरह गरी छुट्टा छुट्टै आयकर निर्धारण गरिनेछ ।

(३) न्यूनतम ग्यारेण्टी रकम कबुल गरी निम्नकोटीको मदिरा उत्पादन गर्ने डिष्टीलरीको लेखाको आधारमा आयकर निर्धारण भएमाबाहेक



२५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डिष्टीलरीले कबुल गरेको न्यूनतम ग्यारेण्टी वा अन्तःशुलकको रकम जुन बढी हुन्छ, त्यसको २५ (पच्चीस) प्रतिशत खुद आय कायम गरी कर निर्धारण गरिनेछ ।

(४) नेपाल अधिराज्यका बैंकहरूमा खाता खोल्ने गरी पूंजी लगानीको रूपमा कसैले विदेशबाट परिवर्त्य मुद्रा ल्याएमा त्यस्तो विदेशी मुद्रामा आयकर लाग्नेछैन ।

(५) नेपाल अधिराज्यबाट विदेश निर्यात गरी आर्जन गरेको आयमा आयकर लगाइनेछैन । तर यस्तो सुविधा प्राप्त गर्न बैंकमार्फत निर्यातको कारोवार गरी सोबाट प्राप्त विदेशी मुद्रा बैंक दाखिला भएको प्रमाण सहित प्रचलित कानून बमोजिम आय विवरण पेश गर्नु पर्नेछ ।

(६) नेपाल अधिराज्यमा हवाई यातायात सेवा संचालन गर्ने विदेशी हवाई कम्पनीहरूलाई उनीहरूले नेपाल अधिराज्यभित्र गरेको कुल कारोवार रकमको ५ प्रतिशतका दरले आयकर लगाई असूल गरिनेछ ।

तर, नेपाल अधिराज्यमा हवाई यातायात सेवा संचालन नगरी कार्यालय मात्र स्थापना गरी कारोवार गर्ने विदेशी हवाई कम्पनीहरूलाई उनीहरूले नेपाल अधिराज्यमा गरेको कुल कारोवार रकमको २ (दुई) प्रतिशतका दरले आयकर लगाई असूल गरिनेछ ।

(७) सोल्टी क्यासिनोबाट वार्षिक रू. ३०,००,०००।– (तीस लाख रूपैयाँ) रोयल्टी लिइनेछ । साथै प्रचलित कानूनबमोजिम तिर्नु पर्ने आयकर लगायत अरू करहरूसमेत क्यासिनोले तिर्नु पर्नेछ ।

(८) नेपाल अधिराज्यभित्र पैठारी हुने व्यापारिक मालसामानहरूमा पैठारीको अवस्थामा भन्सार प्रयोजनको लागि कायम गरिएको मूल्यमा ५ (पाँच) प्रतिशतका दरले पैठारीकर्ताहरूबाट अग्रिम आयकर असूल गरिनेछ । यसरी कट्टा गरेको अग्रिम आयकर रकम अन्तिम कर निर्धारण हुँदा मिलान गरिनेछ ।

तर, श्री ५ को सरकारले कुनै वस्तुको पैठारीमा अग्रिम कर असूल गर्न उपयुक्त नदेखेमा त्यस्तो अग्रिम आयकर असूल नगर्ने व्यवस्था गर्न सक्नेछ ।

(९) अन्तर्राष्ट्रिय बोलपत्रद्वारा प्रतिस्पर्धा गरी एक आर्थिक वर्ष भन्दा बढी अवधिसम्म कायम रहने ठेक्काको खुद आय पूरै ठेक्काको हिसाबले कायम गरी कर निर्धारण गर्न सकिनेछ ।

(१०) अन्तर्राष्ट्रिय बोलपत्रद्वारा लिएको ठेक्का कार्यमा प्रयोग गरिने सम्पत्तिहरूको ह्रासकट्टाको प्रयोजनको लागि सम्बन्धित कन्सल्टेण्ट र परियोजना



२२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमुख वा विभागीय प्रमुखले सिफारिश गरे अनुसार सम्पत्तिहरूको वर्गीकरण गरी त्यस्तो सम्पत्तिहरूमा प्रचलित कानूनबमोजिम ह्रासकट्टी सहुलियत दिइनेछ।

(११) वार्षिक रू. १,००,०००।– (एक लाख रूपैयाँ) सम्म मूल्यको वस्तु उत्पादन गरी बिक्री गर्ने साना घरेलु तथा ग्रामीण उद्योगहरूलाई उक्त उत्पादन बिक्री गरेको आयमा आयकर पूर्ण रूपमा नलाग्ने गरी छूट दिइएको छ।

(१२) आ. व. २०४५।४६ मा सेक्यूरिटी खरीद बिक्री केन्द्रमा शेयर सूचिकरण भएका कम्पनी तथा सरकारी संस्थानहरूबाट तिनीहरूको खुद आय समदरले ४० (चालीस) प्रतिशत कर्पोरेट आयकर लगाई असूल उपर गरिनेछ। कर्पोरेट आयकर तिर्नु पर्ने कम्पनी तथा संस्थानहरूले आफ्नो आय वर्ष सकिएको एक वर्षभित्रै लाभांशको विवरण सम्बन्धित कर कार्यालयमा दिनु पर्नेछ। लाभांश प्राप्त गर्ने व्यक्तिलाई कर्पोरेट आयकर लाग्ने कम्पनी तथा संस्थानहरूले वितरण गर्ने लाभांशको आयमा ८५ (पचासी) प्रतिशत छूट दिई बाँकी रकममा मात्र करदाताको अन्य आय भए सोमा समावेश गरी आयकर लगाइनेछ।

(१३) घरजग्गा बहालमा लिनेहरूले आफूले लिएको घरजग्गाको बहाल घरजग्गाधनीलाई भुक्तानी गर्दा आयकरबापत देहायका दरले अग्रिम कट्टा गरी सोको फाँटवारी सहित कर कार्यालयको धरौटी खातामा जम्मा गर्नु पर्नेछ।

| घरजग्गाधनीले वार्षिक पाउने बहाल | बहाल लिनेले अग्रिम कट्टा गर्नु पर्ने प्रतिशत |
|---|---|
| रू. २५,००० सम्म | कट्टा गर्नु नपर्ने |
| रू. २५,००० देखि माथि रू. ५०,००० सम्म | १० |
| रू. ५०,००० देखि माथि रू. १,००,००० सम्म | १५ |
| रू. १,००,००० देखिमाथि | २५ |

यसरी अग्रिम कट्टा गरेको कर रकम बहाल आय प्राप्त गर्नेले पछि बहाल आयसमेतको अन्य आयमा आयकर निर्धारण हुँदा लाग्ने आयकरबाट कट्टा गर्न पाउनेछ।

(१४) विदेशी फिल्म वितरकहरूले नेपाल अधिराज्यस्थित डिष्ट्रिब्यूटर र सिनेमा हलहरूबाट पाउने रकममा लागी आएको फिल्म डिष्ट्रिब्यूटर कर खारेज गरिएको छ।

(१५) २०४५ साल श्रावण १ गतेपछि आय वर्ष समाप्त भई पेश हुने उद्योग, व्यापार, पेशा, व्यवसायको आय विवरणमा प्रचलित कानूनबमोजिम अनिवार्य रूपमा लेखा राखी लेखापरीक्षण गराउन पर्ने करदाताबाहेक अन्य



27C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

करदाताको लेखाको आधारमा आयकर निर्धारण गर्दा लाग्ने करको ५ (पाँच) प्रतिशत छूट दिइनेछ ।

६. शहरी क्षेत्रको घरजग्गाकरः (१) आर्थिक वर्ष २०४५।४६ मा अनुसूची ८ बमोजिम शहरी क्षेत्रको घरजग्गामा कर लगाइने र असूल उपर गरिनेछ ।

(२) घरजग्गाकरको प्रयोजनको लागि घरजग्गाको मूल्यांकन गर्दा घरतर्फ श्री ५ को सरकारले तोकेको दरमा मूल्यांकन गर्दा हुन आउने रकममा ह्रासकट्टी गरी बाँकी हुने मूल्यमा ७० (सत्तरी) प्रतिशतमात्र करयोग्य मूल्य कायम गरिनेछ । जग्गातर्फ प्रत्येक शहरी क्षेत्रको प्रत्येक अञ्चलको सडक तथा बाटोको वर्गीकरणको आधारमा श्री ५ को सरकारले तोकेको मूल्य २० (बीस) प्रतिशतमात्र करयोग्य मूल्य कायम गरिनेछ ।

(३) शहरी क्षेत्रमा लाग्ने घरजग्गाकरसम्बन्धी अरू छूट र दर सम्बन्धी व्यवस्था खारेज गरिएको छ ।

७. ठेक्काकरः (१) आर्थिक वर्ष २०४५।४६ मा "आर्थिक ऐन, २०४४" बमोजिम ठेक्का कर लगाइने र असूल उपर गरिनेछ ।

(२) कुनै व्यक्तिले एक आर्थिक वर्षभित्र एकै पटक वा पटक पटक गरी पचास हजार रूपैयाँसम्मको मालसामानमात्र कसैलाई आपूर्ति गर्ने ठेक्कामा ठेक्काकर लाग्नेछैन ।

(३) विदेशी मुद्रा भुक्तानी हुने गरी सामान खरीद गर्दा विदेशी कम्पनी तथा सप्लायर्सलाई ठेक्काकर नलाग्ने रहेछ भने त्यस्तो ठेक्कामा स्वदेशी उद्योगले प्रतिस्पर्धा गरी ठेक्का प्राप्त गरी नेपाली रूपैयाँमा भुक्तानी हुनेमा पनि ठेक्काकर लाग्नेछैन ।

(४) उपरोक्त उल्लेखितबाहेक ठेक्काकरसम्बन्धी अन्य व्यवस्था "आर्थिक ऐन, २०४४" बमोजिम हुनेछ ।

८. होटल करः आर्थिक वर्ष २०४५।४६ मा "आर्थिक ऐन, २०४४" बमोजिम होटल कर लगाइने र असूल उपर गरिनेछ ।

९. सवारी साधन करः (१) आर्थिक वर्ष २०४५।४६ मा "आर्थिक ऐन, २०४४" बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) सवारी साधन कर लागेका सवारी साधनहरूको आयमा आयकर लाग्नेछैन ।

१०. मनोरञ्जन करः (१) आर्थिक वर्ष २०४५।४६ मा "आर्थिक ऐन, २०४४" बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ ।



२४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नेपाल अधिराज्यमा निर्मित नेपाली भाषाका चलचित्रहरूबाट उठेका मनोरञ्जन करको रकममध्ये ५० प्रतिशत रकम कर कार्यालयको धरौटी खातामा राखी नेपाली चलचित्र निर्माताहरूले पाउने ५० (पचास) प्रतिशत अनुदान सोझै कर कार्यालयको धरौटी खाताबाट उपलब्ध गराइनेछ।

तर विदेशमा निर्माण गरी नेपाली भाषामा डबिङमात्र गर्ने चलचित्र निर्मातालाई यस्तो अनुदान रकम दिइनेछैन।

११. ब्याज कर: (१) आर्थिक वर्ष २०४५।४६ मा निक्षेपकर्ताहरूले बैंकहरूमा राखेको मुद्दति निक्षेपबाट निक्षेप ग्रहण गर्ने बैंकहरूले वार्षिक रू. ५,०००।– (पाँच हजार) भन्दा माथिको पूरै ब्याज आयमा समदरले ५ (पाँच) प्रतिशत अग्रिम ब्याजकर कट्टा गरी सम्बन्धित कर कार्यालयको धरौटी खातामा दाखिला गर्नुपर्नेछ। तर वार्षिक रू. ५,०००।– सम्मको ब्याज आयमा अग्रिम ब्याजकर कट्टा गर्नुपर्ने छैन।

(२) निक्षेपबाट प्राप्त ब्याज आयलाई करदाताको अन्य आयमा समावेश गरी खुद आय कायम गरिनेछ।

(३) उपदफा (१) बमोजिम अग्रिम कट्टा गरेको ब्याजकर निक्षेप ब्याज आय प्राप्त गर्नेले पछि निक्षेप ब्याज आय समेतको अन्य आयमा आयकर निर्धारण गर्दा लाग्ने आयकरबाट कट्टा गर्न पाउनेछ।

(४) कुनै करदाताको अग्रिम ब्याजकर दाखिला भएकोमा पछि निजको कर निर्धारण हुँदा लागेको रकम घटी भई फिर्ता दिनु परेमा सम्बन्धित कर कार्यालय-बाटै धरौटी खातामा रहेको रकमबाट फिर्ता दिइनेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको निक्षेप र कोषमा ब्याज कर लाग्नेछैन:–

(क) बचत निक्षेप,
(ख) कर्मचारी सञ्चय कोष निक्षेप,
(ग) बैंकमा कर्मचारीको नाममा रहेको सञ्चय कोष,
(घ) पञ्चायत तथा वर्गीय संगठनको निक्षेप र
(ङ) सार्वजनिक हितका लागि गठन भएको र धार्मिक कृत्यसम्बन्धी भनी श्री ५ को सरकारले तोकेको संस्थाको निक्षेप।

(६) कुनै व्यक्तिको मुद्दति निक्षेपबाट प्राप्त ब्याजको साथै अन्य स्रोतको आय पनि भएमा त्यस्तो मुद्दति निक्षेपबाट प्राप्त ब्याजलाई अन्य आयमा समावेश गरी हुन आउने आयबाट व्यक्तिको हकमा रू. १५,०००।– (पन्ध्र हजार) र दम्पत्ति वा परिवारको हकमा रू. २०,०००।– (बीस हजार) सम्मको आयमा



२५० २४३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर लाग्नेछैन र यस्तो करदाताको कर नलाग्ने कुराको सूचना सम्बन्धित कर कार्यालयबाट प्राप्त भएमा सम्बन्धित बैंकबाट त्यस्तो कर कट्टा गरिएको रकम फिर्ता गरिनेछ। सो हदभन्दा बढीको रकममा अनुसूची ७ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ।

१२. सडक पुल सम्भार करः आर्थिक वर्ष २०४५।४६ मा सवारी साधनमा प्रयोग हुने हाइस्पीड डिजेल र पेट्रोल जस्ता इन्धनमा पैठारीको अवस्थामा -।२० पैसा प्रतिलिटरको दरले सडक पुल सम्भार कर लगाइने र असूल उपर गरिनेछ।

१३. टेलिभिजन, भिडियो तथा तत्सम्बन्धी उपकरणहरूमा लाग्ने करः आर्थिक वर्ष २०४५।४६ मा टेलिभिजन, भिडियो तथा तत्सम्बन्धी उपकरणहरूमा आर्थिक ऐन, २०४४ बमोजिम दस्तुर लगाई असूल उपर गरिनेछ।

१४. मालपोत तथा भूमिकरः (१) आर्थिक वर्ष २०४५।४६ मा आर्थिक ऐन, २०४४ बमोजिम मालपोत, भूमिकर तथा स्थानीय विकास शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि नेपाल अधिराज्य-भर १.५ (डेढ बिगाहा) वा २० (बीस) रोपनीसम्म जग्गा हुने जग्गाधनीलाई आर्थिक वर्ष २०४५।४६ मा समदरको आधारमा रू. १।- मालपोत लगाई असूल उपर गरिनेछ।

(३) नापी भएका वा नभएका जिल्लाहरूमा यस दफाबमोजिम लाग्ने मालपोत तथा भूमिकरको दश प्रतिशत थप गरी स्थानीय बिकास शुल्क लगाइने र असूल उपर गरिनेछ।

(४) नगर पञ्चायत क्षेत्रभित्र भूमिकरको सम्बन्धमा देहायबमोजिम हुनेछ।

(क) जग्गा (नाप जाँच) ऐन, २०१९ अनुसार नगर पञ्चायत क्षेत्रभित्र शहरी क्षेत्रको वर्गीकरण भै सकेको जग्गामा वर्ग अनुसार नै भूमिकर असूल गरिनेछ।

(ख) वर्गीकरण गरी नसकिएको पञ्चायत क्षेत्रको जग्गाको सम्बन्धमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा (च) वर्गको भूमिकरको दर अनुसार भूमिकर लिइनेछ।

(५) मालपोत तथा भूमिकरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ।



२६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. रजिष्ट्रेशन दस्तूरः (१) आर्थिक वर्ष २०४५।४६ मा "आर्थिक ऐन, २०४४" बमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

(२) सरकारी मान्यता प्राप्त हाउसिंग कम्पनीहरूले खरीद गर्दा रजिष्ट्रेशन दस्तूर तिरी सकेको जग्गा बेच्दा लाग्ने रजिष्ट्रेशन दस्तूरमा ८० (असी) प्रतिशत छूट दिइनेछ ।

(३) नगर पञ्चायतको शहरी क्षेत्रको लागि तोकिएको रजिष्ट्रेशन दस्तूर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेका शहरी क्षेत्रमा लागू हुनेछ ।

(४) रजिष्ट्रेशन दस्तूरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४४ बमोजिम हुनेछ ।

१६. रोपवे करः आर्थिक वर्ष २०४५।४६ मा साबिकमा लगाई आएको रोपवे कर खारेज गरिएको छ ।

१७. दर घटाउन सक्नेः श्री ५ को सरकारले आवश्यकता अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा १ मा उल्लेखित भन्सार महशूलको दर घटाउन सक्नेछ ।



२६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – १

## भन्सार महशूल दरबन्दी

| सङ्केत नं. | माल वा वस्तुको नाम | महशूल दर प्रति १०० के. जी. वा मो. प्र. श. (%) (अन्यथा केही उल्लेख नभएको भए) पैठारी साधारण भन्सार महशूल | निकासी भन्सार महशूल |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| ०४.०१ | दूध र तर, ताजा, नजमाएको वा गुलियो नगरेको | माफी | |
| ०७.०६ | मनिओक (नलिजस्तो जरा हुने जराको पिठो) आरारोट सालमिश्री हात्तिपाइले साग, सखरखण्ड र अन्य यस्तै जरा गानोहरू (जसमा धेरै मात्रामा माडजस्तो पदार्थ वा ईन्यूल भएको) ताजा सुकाएको सिंगै वा ताछेको, काट-कुट गरेको, साबुदानासमेत | ५% | |
| ०९.०२ | चियाः | | |
| | (१) काँचो पत्ति | ५% | |
| | +(२) तिब्बतमा पाउने चिया (भोटे चिया) | माफी | |
| | (३) खुला (लुज) चिया | १०% | |
| | (४) अन्य चिया | १०% | |
| ०९.०३ | दक्षिण अफ्रिकामा पाइने एक किसिमको सुकेको पत्ति (पारागुए चिया) | १०% | |
| १४.०१ | बुन्न वा बाट्न प्रयोग गरिने वनस्पति पदार्थ (जस्तै अन्नको पराल, सफा गरेको, प्रशोधन गरेको वा रंगाएको जलबेत, निगालो, नरकट, बेत, बाँस, खजुर या ताड र लाइभ रूखको बोक्रा): | | |



२६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (१) बेत | माफी | |
| | (२) अन्य | माफी | |
| १४.०५ | वनस्पति उत्पादन अन्यत्र नपरेको: | | |
| + | (४) खयर, मुढा, हांगा, बिंगा, ठुन्का, जरा, टुक्रा, चोइटो, चोइटो र धूलोसमेत | | ३०० |
| | (११) खयरको जरा | | ३०० वा प्रति जरा रू. १०० जुन बढी हुन्छ । |
| +१५.०७ | फिक्सड वनस्पति तेल, तरल वा ठोस कच्चा वा शुद्ध गरिएको वा प्रशोधित गरिएको: | | |
| | (ञ) नरिवलको तेल | १०% | |
| +१७.०१ | चुकन्दरको चिनी वा उखुको चिनी, ठोस रूपमा: | | |
| | (क) कच्चा चिनी: | | |
| | (१) खाँडसारी | १०% | |
| | (ख) अन्य (चिनी र मिश्रीसमेत) | १०% | |
| १७.०२ | ठोस रूपमा रहेका अरू चिनी, रंगाउने पदार्थ वा वासना आउने पदार्थ नमिसाइएको चिनीको झोल, कृत्रिम मह, चाहे त्यो प्राकृतिक महसित मिसिएको होस् वा नहोस् चासनी: | | |
| | (१) ग्लुकोज | ५% | |
| १९.०४ | साबुदाना जस्तै खाद्य वस्तु (ट्यापियोका) र साबुदाना, आलु वा अन्य माडबाट प्राप्त गरिएको ट्यापियोका र साबुदानाका पूरक वस्तु | ५% | |
| २५.१७ | गिटी र टुक्र्याइएका वा पिंधिएका ढुंगाहरू (तापित वा अतापित), ककड म्याकडम र | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | मिश्रित म्याकडम, साधारण तथा कंक्रिट जोडदा, सडक धातुकरण गर्दा र अन्य बोझ लगाउने काममा प्रयोग गरिने, अग्निप्रस्तर र वाटुलिएका पत्थरहरू (शिंगल) तापित वा अतापित ढुंगाका साना टुक्राहरू र गिर्खा-हरू र संकेत नं. २५.१५ र २५.१६ मा पर्ने ढुंगाको धूलोहरू: | | |
| | (१) सडक निर्माण गर्ने टुक्र्याइएका ढुंगाहरू घ.मि. | | ५० |
| | (२) नटुक्र्याइएका स-साना ढुंगाहरू घ.मि. | | १०० |
| | (३) सिंगमरमरका टुक्राहरू र धूलो | १०% | |
| २७.०१ | कोइला, व्रिक्वित (संगठित धूलो) गोलाकार र त्यस्तै ठोस इन्धनहरू (कोइलाबाट उत्पादित) | | |
| | (क) एन्थासाइट, चूर्ण पारिएको वा नपारिएको तर असंगठित | ५% | |
| | (ख) अन्य कोइला चूर्ण वा अचूर्ण तर असंगठित | ५% | |
| | (ग) संगठित धूलो, गोलाकार र अन्य त्यस्तै कोइलाबाट बनेको इन्धनहरू | ५% | |
| ३२.०४ | वनस्पतिमूलक रंगाउने पदार्थहरू (डाइउड निष्कर्षण र अन्य वनस्पतीय डाइनिष्कर्षण समेत तर निरबाहेक) वा प्राणीमूलक रंगाउने पदार्थहरू: | | |
| | (१) धूलो रूपमा रहेको कत्था (कुनै पनि रूपमा रहेको कच्छ) | | १०० |
| | (२) अन्य प्रक्रिया लगाइएको कत्था | | ४०० |
| ३८.०८ | खोटो र तिनका अम्लहरू र तिनका व्युत्पत्तिहरू (संकेत नं. ३९.०५ का इस्ट र गम बाहेक) खोटो तेलहरू: | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।